# देवदह नगरपालिका

## आर्थिक विधेयक, २०७५

प्रस्तावना : देवदह नगरपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम देवदह नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५ रहेको छ ।
२. **यो ऐन २०७५ साल श्रावण १ गते देखि नगरपालिका क्षेत्रमा लागू हुनेछ ।**
३. सम्पत्ति कर : देवदह नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।नगर कार्यपालिकाले कार्यविधि बनाइ सोही बमोजिम समय तोकी एकिकृत सम्पत्ती कर लागू हुनेछ ।
४. भूमि कर (मालपोत): देवदह नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।
५. घर वहाल करः देवदह नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै / आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
६. व्यवसाय करः देवदह नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
७. जडिबुटी, कवाडी र जीवजन्तु करः देवदह नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत तोकिए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।
८. सवारी साधन करः देवदह नगरपालिका क्षेत्रभित्र दता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
९. विज्ञापन करः देवदह नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
१०. मनोरन्जन करः देवदह नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
११. बहाल बिटौरी शुल्कः देवदह नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।
१२. पार्किङ शुल्कः देवदह नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत तोकिए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।
१३. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः देवदह नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत तोकिए बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. सेवा शुल्क, दस्तुरः देवदह नगरपालिकाले निमाण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ मा उल्लेखित स्थानीय पूवाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. पयटन शुल्कः देवदह नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गन पयटकहरुवाट तोकिए बमोजिमको दरमा पयटन शुल्क लगाईने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. विवध : राजस्व सम्बन्धी विवध विषयहरु अनुसुची १० मा उल्लेख भए बमोजिम हुनेछ ।

१७. कर छुटः यस ऐन बमोजिम कर तिन दायित्व भएका व्यक्ति वा संस्थाहरुलाइ कुनै पनि किसमको कर छुट दिईने छैन ।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यावधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यावधि नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची – १
## दफा ३ संग सम्बन्धित

**१. एकिकृत सम्पत्ती कर**

**क. एकिकृत सम्पत्ती करको दर**

| क.सं. | देखी | सम्म | तोकिएको दर (रु.) |
|---|---|---|---|
| १ | रु १ | २ लाख | ५० |
| २ | २ लाख १ | ४ लाख | १०० |
| ३ | ४ लाख १ | ८ लाख | १५० |
| ४ | ८ लाख १ | १० लाख | २०० |
| ५ | १० लाख १ | १२ लाख | २५० |
| ६ | १२ लाख १ | १४ लाख | ३०० |
| ७ | १४ लाख १ | १७ लाख | ३५० |
| ८ | १७ लाख १ | २० लाख | ४०० |
| ९ | २० लाख १ | २२ लाख | ५०० |
| १० | २२ लाख | २४ लाख | ६०० |
| ११ | २४ लाख १ | २६ लाख | ७०० |
| १२ | २६ लाख १ | २८ लाख | ८०० |
| १३ | २८ लाख १ | ३० लाख | १,००० |
| १४ | ३० लाख १ | ३२ लाख | १,२०० |
| १५ | ३२ लाख १ | ३५ लाख | १,५०० |
| १६ | ३५ लाख १ | ३८ लाख | १,८०० |
| १७ | ३८ लाख १ | ४० लाख | २,००० |
| १८ | ४० लाख १ | ४३ लाख | २,३०० |
| १९ | ४३ लाख १ | ४५ लाख | २,५०० |
| २० | ४५ लाख १ | ४८ लाख | २,७०० |
| २१ | ४८ लाख १ | ५० लाख | ३,००० |

| क.सं. | देखी | सम्म | तोकिएको दर (रु.) |
|---|---|---|---|
| २२ | ५० लाख १ | ५५ लाख | ४००० |
| २३ | ५५ लाख १ | ६० लाख | ४५०० |
| २४ | ६० लाख १ | ६५ लाख | ५००० |
| २५ | ६५ लाख १ | ७० लाख | ५,५०० |
| २६ | ७० लाख १ | ७५ लाख | ६,००० |
| २७ | ७५ लाख १ | ८० लाख | ७,००० |
| २८ | ८० लाख १ | ८५ लाख | ८,००० |
| २९ | ८५ लाख १ | ९० लाख | ९,००० |
| ३० | ९० लाख १ | १ करोड | १०,००० |
| ३१ | १ करोड १ | १ करोड २० लाख | १२,००० |
| ३२ | १ करोड २० लाख १ | १ करोड ४० लाख | १४,००० |
| ३३ | १ करोड ४० लाख १ | १ करोड ६० लाख | १६,००० |
| ३४ | १ करोड ६० लाख १ | १ करोड ८० लाख | १८,००० |
| ३५ | १ करोड ८० लाख १ | २ करोड | २०,००० |
| ३६ | २ करोड १ | २ करोड ५० लाख | २५,००० |
| ३७ | २ करोड ५० लाख १ | ३ करोड | ३०,००० |
| ३८ | ३ करोड १ | ३ करोड ५० लाख | ३५,००० |
| ३९ | ३ करोड ५० लाख १ | ४ करोड | ४०,००० |
| ४० | ४ करोड१ | ४ करोड ५० लाख | ५०,००० |
| ४१ | ४ करोड ५० लाख १ | ५ करोड | ६०,००० |
| ४२ | ५ करोड देखी माथि | | प्रति हजार रु २ को दरले |

ख) एकीकृत सम्पत्ति कर को लागी भौतीक संरचनाको बर्गिकरण तथा मुल्याङ्गन दर निर्धारण

| क्र.स. | संरचनाको बर्गिकरण | मुल्याङ्गन दर रेट (प्रति वर्ग फिट) (रु.) | क्र.स. | संरचनाको बर्गिकरण | मुल्याङ्गन दर रेट (प्रति वर्ग फिट) (रु.) |
|---|---|---|---|---|---|
| १ | **आर .सि. सि. पक्की घर** | **१,५००/-** | ६ | **काठको घरमा खर छाना** | **२००/-** |
| २ | **आर .सि. सि. पिलरमा टिन छाना** | **१,२००/-** | ७ | **टहरा / ट्रस** | **१८०/-** |
| ३ | **पिलर नभएको पक्की ढलान** | **१,०००/-** | ८ | **पर्खाल सिमेन्टेड** | **५०/-** |
| ४ | **ब्लक सिमेन्ट टिन छाना** | **८००/-** | ९ | **पर्खाल माटो जोडाई** | **३५/-** |
| ५ | **काठको घरमा टायल। टिन छाना** | **५००/-** | | | |

ग) एकीकृत सम्पत्ति कर प्रणाली लागु गर्ने सम्बन्धमा जग्गाको मुल्याङ्गन गर्दा मालपोत मुल्यको २५ प्रतिशतले लिने ।
घ) चालु आ.व भित्र एकीकृत सम्पत्तिकर नबुझ्राएमा बुझाउनु पर्ने करको वार्षिक १० प्रतिशतका दरले जरिवाना थप हुदै जानेछ ।
ङ) कार्यविधी बनाई सोही वमोजिम एकीकृत सम्पति कर लागू  गर्ने अधिकार नगर कार्यपालिकालाई दिने ।

# अनुसूची - २

## दफा ४ संग सम्बन्धित

## भूमि कर (मालपोत)

| क्र.स. | क्षेत्रफल | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | १-०-० सम्म | १० प्रति कठ्ठा | • वक्यौताको हकमा आ.व. ०७४।०७५को दर रेटमा उठाईने छ र न्यूनतम दर रु ३० हुनेछ । • हर्जनाको हकमा प्रत्येक वर्ष थप १० प्रतिशतका दरले थप हुदै जाने छ । |
| २ | १-०-१ देखी २-०-० सम्म | १५ प्रति कठ्ठा | |
| ३ | २-०-१ देखी ३-०-० सम्म | २० प्रति कठ्ठा | |

नोटः १.उल्लेखित करको दर आ.व.२०७४।०७५ सम्म र सो भन्दा पहिलेको वक्यौताको हकमा मात्र लागु हुनेछ ।

# अनुसूची -३

## दफा ५ संग सम्बन्धित

## घर वहाल कर

नगरपालिका क्षेत्र भित्रका घरहरु वहालमा लगाएका घर धनीसंग वर्ष भरीको वहाल रकमको सयकडा १० प्रतिशत र खाली जग्गा वहालमा लगाएका जग्गा धनीसंग ५ प्रतिशतका दरले वहाल कर लिइनेछ । सोका लागि वहाल संझौता पेश भएकोमा न्यूनतम वहाल दर भन्दा बढी भएमा सोही बमोजिम र न्युनतम दर भन्दा कम भएमा तल उल्लेखित दरलाई आधार मानिने छ । देवदह नगरपालिका क्षेत्र भित्र बनेका भौतिक संरचना घरको सटर कोठाहरुको  घर वहाल कर असुली प्रयोजनका लागि न्यूनतम मासिक वहाल दर निम्न बमोजिम कायम गरिएको छ ।

| क्र.स. | भवन अवस्थित स्थानको विवरण | आ.व ०७५/७६ ( प्रति महिना ) | |
|---|---|---|---|
| | | प्रतिसटर ( रु. ) | प्रतिकोठा ( रु. ) |
| १ | लोक राजमार्ग मोहडामा पर्ने खैरेनी-मिलन चोक | ४,००० | १,००० |
| २ | भित्री सडक मोहडामा पर्ने खैरेनी धकधई र,गोठादी मार्ग | २,५०० | ७५० |
| ३ | लोक मार्ग मोहडामा पर्ने सितलनगर-पिपलडांडा | ३,००० | ८०० |
| ४ | लोकमार्ग  सडक मोहडामा पर्ने घोडाहा खोला पश्चिम -वुद्दनगर | २,००० | ६०० |
| ५ | लोकमार्ग  सडक मोहडामा पर्ने भलुही | २,५०० | ७५० |
| ६ | भित्री  सडक सितलनगर भवानीपुर सडक मोहडमा पर्ने | २,००० | ६०० |
| ७ | भलुही चोक देखी मद्रानी भुपु सैनिकव वाटो मोहडामा पर्ने | १,५०० | ५०० |
| ८ | भित्री सडक मोहडामा पर्ने खैरेनी अन्य | १,५०० | ५०० |
| ९ | भित्री सडक मोहडामा पर्ने सितलनगर अन्य | १,५०० | ५०० |

| | | | |
|---|---|---|---|
| १० | निमचोक देखी शिवचोक सडक मोहडामा पर्ने चरङ्गे | १,५०० | ५०० |
| ११ | भित्री सडक मोहडा पर्ने चरङ्गे | १,५०० | ५०० |
| १२ | भित्री सडक मोहडामा पर्ने भवानीपुरचोक | १,२५० | ५०० |
| १३ | खैरेनी धकधई सडक केरवानी स्वास्थ्य चौकी- छ नं. चोक- राजावारी सडक मोहडामा | १,००० | ५०० |
| १४ | शान्ति नगर चोक सडक मोहडामा पर्ने | १,००० | ५०० |
| १५ | शंकरपुर चौराहा र ५० मी. दाँया वाँया | १,५०० | ५०० |
| १६ | ढेकँवर ६ नं चोक | २,००० | ८०० |
| १७ | ढेकावर चोक देखि पेटबनिया हुदै सिक्टहन गाउ | १,००० | ५०० |
| १८ | कच्ची तथा ग्राभेल सडक मोहडामा पर्ने अन्य | १,००० | ५०० |

## अनुसूची – ४
## दफा ६ संग सम्बन्धित
## व्यवसाय कर

नगरपालिका क्षेत्रभित्र रहेका निम्न किसिमका व्यवसाय गर्ने व्यापारी वा व्यवसायीले आफुहरुलाई लागेको कर ऐन नियम अनुसार वार्षिक रुपमा वुझाउनुपर्नेछ ।

नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, वाणिज्य कार्यालय, आन्तरिक राजश्व कार्यालय र कम्पनी रजिष्टारको कार्यालयमा व्यवसाय वा कम्पनी दर्ता गर्दा कायम गरेको स्थिर पुंजी वा अधिकृत पुँजिलाई आधार मानि निम्नानुसार श्रेणी विभाजन गरिएको छ ।

निम्नः

- क श्रेणी : रु. १५ लाख १ देखि माथि ।
- ख श्रेणी : रु. ५ लाख १ देखि १५ लाखसम्म ।
- ग श्रेणी : रु.५ लाखसम्म ।

अ. बार्षीक कर

| सि.नं. | विवरण | २०७५/०७६ (रु.) | सि.नं. | विवरण | २०७५/०७६ (रु.) |
|---|---|---|---|---|---|
| १ | व्यापारिक बस्तु | | | | |
| १.१ | मदिरा पसल | | १.८ | सुर्ती जन्य (धूम्रपान) पसल | |
| क | वितरक | ८,०००.०० | क | वितरक | ५,०००.०० |
| ख | थोक विक्रेता | ६,०००.०० | ख | थोक विक्रेता | ३०००.०० |
| ग | खूद्रा विक्रेता | ५०००.०० | ग | खूद्रा विक्रेता | २०००.०० |
| १.२ | हल्का पेय पदार्थ पसल | | १.९ | सून चांदी पसल | |
| क | वितरक | १,५००.०० | क | सुन चांदी पसल श्रेणी क | ५,०००.०० |
| ख | थोक विक्रेता | १०००.०० | ख | सुन चांदी पसल श्रेणी ख | ३,०००.०० |
| ग | खूद्रा विक्रेता | ८००.०० | ग | सुन चांदी पसल श्रेणी ग | १५००.०० |
| १.३ | औषधी व्यवसाय | | १.१० | आयुर्वेदिक औषधी पसल | |
| क | उत्पादक | २,०००.०० | क | उत्पादक | २,०००.०० |
| ख | वितरक/थोक | १,५००.०० | ख | वितरक/थोक | १५००.०० |
| ग | औषधी खुद्रा पसल (डक्टर भएको) | १५,०००.०० | ग | औषधी खुद्रा पसल (कविराज भएको) | १,०००.०० |
| घ | औषधी खुद्रा पसल (डक्टर नभएको) | १००.०० | घ | औषधी खुद्रा पसल (कविराज नभएको) | ५००.०० |
| १.४ | स्टेशनरी तथा पुस्तक पसल | | १.११ | कस्मेटिक पसल | |
| क | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्यूटर्स | ३,०००.०० | ङ | कस्मेटिक थोक पसल | २०००.०० |
| ख | स्टेशनरी तथा पुस्तक थोक | २०००.०० | च | कस्मेटिक खूद्रा पसल श्रेणी क | १,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | स्टेशनरी तथा पुस्तक खुद्रा | १५००.०० | १.१ | प्लाई तथा ग्लास हाउस | |
| घ | मूद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | १,५००.०० | क | प्लाई तथा ग्लास हाउस थोक पसल | २,५००.०० |
| १.५ | मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री | | ख | प्लाई तथा ग्लास हाउस खूद्रा पसल | १,५००.०० |
| क | थोक विक्रि पसल | ३०००.०० | १.१२ | व्याग हाउस | |
| ख | मोटर पार्ट खुद्रा विक्री | १५००.०० | क | व्याग थोक पसल | २५००.०० |
| ग | लुब्रिकेसन थोक पसल | २०००.०० | ख | व्याग खुद्रा पसल | १०००.०० |
| घ | लुब्रिकेसन खुद्रा पसल | १,५००.०० | १.१४ | इलेक्टोनिक विक्री पसल | |
| १.६ | कपडा तथा फेन्सी पसल | | क | मोवाइल सेल्स डिस्ट्रिव्यूटर्स | २,०००.०० |
| क | कपडा,फेन्सी | ३०००.०० | ख | इलेक्ट्रोनिक थोक पसल | ३,०००.०० |
| ख | कपडा,फेन्सी | १,५००.०० | ग | इलेक्ट्रोनिक खूदा पसल | १,५००.०० |
| १.७ | धागो टांक फस्नर थोक पसल | | घ | रेडियो,घडी,क्याल्कुलेटरमात्र बिक्री पसल | १०००.०० |
| क | धागो, टांक, फस्नर थोक पसल | १,५००.०० | ङ | अडियो, भिडियो क्यासेट पसल | १०००.०० |
| ख | धागो, टांक, फस्नर खूद्रा पसल | १०००.०० | च | अन्य | ५००.०० |
| १.१५ | विद्यूत सामाग्री पसल | | १.२१ | हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी/पल्मबिङ तथा मार्बल पसल | |
| क | विद्यूत सामाग्री थोक पसल | २,५००.०० | क | थोक पसल | ३०००.०० |
| ख | विद्यूत सामाग्री खुद्रा पसल | १,५००.०० | ख | खुद्रा पसल श्रेणी क | २,५००.०० |
| १.१६ | पेट्रोलियम पदार्थ | | ग | खुद्रा पसल श्रेणी ख | २०००.०० |
| क | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | ३०००.०० | १.२२ | स्टील, आल्मुनियमको पसल | |
| ख | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | २५००.०० | क | स्टील, आल्मुनियमको थोक पसल | २,०००.०० |
| ग | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | २०००.०० | ख | स्टील, आल्मुनियमको खूद्रा पसल | १०००.०० |
| घ | मट्टीतेल मात्र भएको | २०००.०० | १.२३ | सवारी साधन एजेन्सी तथा थोक विक्री पसल | |
| ङ | ग्यांस सिलिण्डर डिलर | २०००.०० | क | बस,ट्रक, ट्रयाक्टर जिप,कारको डिलर | ७,५००.०० |
| च | ग्यांस सिलिण्डर डिपो | १५००.०० | ख | मोटरसाइकल, स्कुटर डिलर | ५,०००.०० |
| १.१७ | फर्निचर्स पसल | | ग | मोटरसाइकल अन्य सवारी साधनको डिलर(स्वदेशी उत्पादन) | ४,०००.०० |
| क | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | २०००.०० | घ | इलेक्ट्रिक साइकल डिलर | ३०००.०० |
| ख | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | १,५००.०० | ङ | साईकल/रिक्सा डिलर | २०००.०० |
| १.१८ | दैनिक उपभोगका बस्तु | | च | टेम्पो/ई रिक्सा डिलर | ४०००.०० |
| १.१८.१ | खाद्यान्न तथा किराना पसल | | छ | रि कन्डिसन हाउस | १,५००.०० |
| क | खाद्यान्न सप्लायर्स | २०००.०० | ज | टायर डिलर | १५००.०० |
| ख | खाद्यान,किराना थोक पसल | २,०००.०० | झ | पम्पसेट जेनेरेटर डिलर | १०००.०० |
| ग | खाद्यान,किरानाका साथ डिपार्टमेन्टल पसल | १५००.०० | ञ | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | १०००.०० |
| घ | खाद्यान,किराना खुद्रा पसल | १०००.०० | १.२४ | कपडा/फेन्सी पसल | |
| ङ | साना किराना पसल | ५००.०० | क | थोक पसल | २,०००.०० |
| च | आलु, प्याज, लसुन, अदूवा थोक | १०००.०० | ख | खुद्रा पसल | १०००.०० |
| १.१८.२ | फलफुल/तरकारी पसल | | | | |
| क | थोक पसल | २०००.०० | १.२५. | अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता | |
| ख | खूद्रा पसल | १०००.०० | १.२५.१ | अनूसन्धानकर्ता | १५००.०० |
| १.१९. | बिशेषज्ञ परामर्श तथा अन्य ब्यवसायिक सेवा | | १.२५.२ | कम्प्यूटर एनालिस्ट तथा प्रोग्रमर | १०००.०० |
| क | चिकित्सक कन्सल्टेन्ट | २०००.०० | १.२५.३ | विमा एजेन्ट | ८००.०० |
| ख | मेडीकल अफिसर (एम.बि.बि.एस. वा सो सरह) सहित निजि मेडिकल | १५००.०० | १.२५.४ | सर्भेयर | ८००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | मेडीकल (कबिराज, अ.हे.ब., अ.न.मी., हे.अ. वा सो सरह) | १०००.०० | १.२५.५ | नोटरी पव्लिक अनुवादक | ५००.०० |
| घ | इन्जिनियरिङ फर्म परामर्श सेवा | १५००.०० | १.२५.६ | पशू चिकित्सक | १०००.०० |
| ङ | कानून व्यवसायी | १५००.०० | १.२५.७ | शेयर दलाल | १,०००.०० |
| च | ल फर्म तथा कानुन परामर्श सेवा | १०००.०० | १.२५.८ | ढूवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | १,५००.०० |
| छ | लेखा परीक्षण (सि.ए.) | १५००.०० | १.२६ | निर्माण व्यवसाय | |
| ज | लेखा परीक्षण (र.ले.प) | १,०००.०० | क | न.पा.मा प्रधान कार्यालय भएका क वर्गका निर्माण व्यवसायी | ५,०००.०० |
| झ | दन्त चिकित्सा सेवा | १५००.०० | ख | न.पा.मा प्रधान कार्यालय भएका ख वर्गका निर्माण व्यवसायी | ४,०००.०० |
| ञ | डेन्टल होम सेवा | १०००.०० | ग | न.पा.मा प्रधान कार्यालय भएका ग वर्गका निर्माण व्यवसायी | ३०००.०० |
| १.२० | सरसफाई तथा प्लम्विङ | | घ | न.पा.मा प्रधान कार्यालय भएका घ वर्गका निर्माण व्यवसायी | २०००.०० |
| क | सेनेटरी सेवा | १,५००.०० | ङ | विदेशी निर्माण कम्पनी तथा परामर्श दाता | १००००.०० |
| ख | प्लवीङ्ग सेवा | १०००.०० | च | भवन निर्माण व्यवसायी मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | १,५००.०० |
| १.२७ | टेण्ट/लाईट / साउण्ड सिस्टम | | छ | भवन निर्माण व्यवसाय मात्र | १,०००.०० |
| क | विजुली डेकोरेसन व्याण्ड बाजा साउण्ड सिस्टम सहितको टेण्ट हाउस | ३०००.०० | ज | सटरिङ्ग मिक्सचर भएको | १,०००.०० |
| ख | विजुली डेकोरेसन साउण्ड सिस्टम सहितको टेण्ट हाउस | २०००.०० | झ | मिक्चर सामान मात्र भएको | ५००.०० |
| ग | टेण्ट हाउस र विजुली डेकोरेसन सहितको | १५००.०० | ञ | सटरिङ्ग सामान मात्र भएको | ५००.०० |
| घ | टेण्ट हाउस मात्र | १०००.०० | ट | वाटर ड्रीलिङ्ग | |
| ङ | साउण्ड सिष्टम ठूलो | १०००.०० | १.३४ | कम्युनिकेशन सेवा | |
| च | साउण्ड सिस्टम सानो | ५००.०० | क | टुर एण्ड ट्राभल्स सेवा | २०००.०० |
| १.२८ | ड्राई क्लिन, सैलुन तथा व्युटी पार्लर | | ख | फोटोकपी, पि.सि.ओ., साईवर तथा क्याफे | १,०००.०० |
| क | व्युटी पार्लर तालिम सहित | १५००.०० | ग | कुरियर सेवा मुख्य कार्यालय | १५००.०० |
| ख | व्युटी पार्लर मात्र | १०००.०० | घ | कुरियर सेवा शाखा कार्यालय | १०००.०० |
| ग | कालिगड सहितको सैलुन सेवा क श्रेणी | १०००.०० | ङ | साईवर तथा कम्प्युटर सेवा | १०००.०० |
| घ | सैलुन सेवा मात्र | ५००.०० | १.३५ | नर्सरी व्यवसाय | |
| ङ | ड्राई क्लिन सेवा | ५००.०० | क | नर्सरी | १०००.०० |
| १.२९ | साईन बोर्ड / आर्ट व्यवसाय | | | फुल विक्री | ५००.०० |
| क | डिजिटल आर्ट | १०००.०० | १.३६ | स्नोकर पुल हाउस | |
| ख | अन्य आर्ट | ५००.०० | क | स्नोकर पुल हाउस | २०००.०० |
| १.३० | पशु वधशाला, मासु, माछा पसल | | ख | स्नोकर मात्र | १०००.०० |
| क | पशु वधशाला | १५००.०० | ग | पुल हाउस | १०००.०० |
| ख | पशुको छाला संकलन तथा विक्री केन्द्र | १०००.०० | १.३७ | भाडाँ पसल तथा किचन सामग्री | |
| ग | मासु पसल खसी, राँगा, कुखुरा | ८००.०० | क | थोक विक्रेता | १५००.०० |
| घ | माछा मात्र | ५००.०० | ख | खुद्रा विक्रेता | १०००.०० |
| ङ | कुखुरा मात्र | ५००.०० | १.३८ | सिलाई कटाई मेसिन मर्मत, तालिम र सिलाई पसल | |
| १.३१ | खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम सेन्टर | | क | सिलाई पसल तालिम समेत | १५००.०० |
| क | खेलौना तथा गिफ्ट हाउस थोक | २०००.०० | ख | सिलाई पसल ठूलो | १०००.०० |
| ख | खेलौना तथा गिफ्ट हाउस खुद्रा | १०००.०० | ग | सिलाई मेसिन मर्मत | १०००.०० |
| ग | खेलौना मात्र | ५००.०० | घ | सिलाई पसल सानो | ५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| घ | फोटो फ्रेम मात्र | ५००.०० | १.३९ | संगित कला केन्द्र तथा प्रशिक्षण केन्द्र | |
| १.३२ | अन्य सेवा | | क | संगित कला केन्द्र तथा नृत्य प्रशिक्षण केन्द्र | १०००.०० |
| क | वैदेशिक सेवा परामर्शदाता | २०००.०० | १.४० | स्वास्थ्य सेवा व्यवसाय | |
| ख | वैदेशिक सेवा शाखा कार्यालय | १५००.०० | क | गैर सरकारी अस्पताल तथा नर्सिङ्ग होम | ३०००.०० |
| ग | श्रमिक सेवा परामर्शदाता | १५००.०० | ख | मेडिकल कलेज | ५०००.०० |
| घ | सामान सहित सेवा परामर्श दाता | १५००.०० | ग | एम.आर.आइ., सि.टि.स्क्यान, एक्स-रे, अल्ट्रासाउण्ड | १५००.०० |
| ङ | सेकेटरियल सेवा | १०००.०० | घ | प्याथोलोजी | १०००.०० |
| १.३३ | घुम्ती व्यवसाय गर्ने व्यवसायीको हकमा | | ङ | अक्युपञ्चर, फिजियो थेरापी | १०००.०० |
| क | फेन्सी तथा कपडा पसल | ५००.०० | च | एक्स-रे, अल्ट्रासाउण्ड, पोलिक्लिनिक | १०००.०० |
| ख | किराना तथा भाडा पसल | ५००.०० | छ | चस्मा पसल | ५००.०० |
| ग | अन्य प्रकृतीका | ५००.०० | ज | सामुदायिक अस्पताल | २०००.०० |
| १.४१ | संचार सेवा | | १.४३ | वित्तिय संस्था नेपाल सरकारको स्वामित्व पूर्ण स्वामित्वमा रहेका बैंक बाहेक | |
| क | टेलिफोन, ट्रकल, फ्याक्स, मोवाईल सेवा प्रदायक कम्पनी | १०००.०० | क | वाणिज्य वैंक मुख्य कार्यालय | ३५०००.०० |
| ख | टिभि च्यानल प्रशारण व्यवसायी | ४०००.०० | ख | बाणिज्य वैंक शाखा कार्यालय प्रति शाखा | २५०००.०० |
| ग | केवुल टि.भी. च्यानल | ५०००.०० | ग | विकास वैंक मुख्य कार्यालय | २५०००.०० |
| घ | एफ.एम.प्रसारण व्यवसायीक | १०००.०० | घ | विकास वैंक शाखा कार्यालय | २००००.०० |
| ङ | पत्र पत्रिका व्यवसायीक | ५००.०० | ङ | फाईनान्स कम्पनी मुख्य कार्यालय | १५०००.०० |
| १.४२ | शिक्षा सेवा | | च | फाईनान्स कम्पनी शाखा कार्यालय | १५००.०० |
| क | निजी क्याम्पस | ३०००.०० | छ | लघुवित्त कम्पनी मुख्य कार्यालय | ८०००.०० |
| ख | माध्यमिक विद्यालय | २०००.०० | ज | लघुवित्त कम्पनी मुख्य कार्यालय | ७०००.०० |
| ग | आधारभूत विद्यालय | १५००.०० | झ | विमा कम्पनी मुख्य कार्यालय | ७०००.०० |
| घ | मन्टेश्वरी | १०००.०० | ञ | मनि एक्सचेन्जर रेमिटान्स | ५०००.०० |
| ङ | पोलिटेक्निकल ईन्स्टिच्युट प्रशिक्षण केन्द्र | ३०००.०० | ट | रेमिटान्स सेवा | २०००.०० |
| च | सि.एम.ए. अनमी प्रशिक्षण केन्द्र | ३०००.०० | ठ | वचत तथा ऋण सहकारी | २०००.०० |
| छ | एजुकेशनल कन्सल्टेन्सी, कोचिङ्ग सेन्टर | १५००.०० | ड | कृषि सहकारी, दुग्ध सहकारी संस्था | - |
| ज | निजी छात्र/छात्रा होस्टल | १०००.०० | १.४४ | गैर सरकारी संस्था | |
| झ | कम्प्युटर भाष प्रशिक्षण केन्द्र | १५००.०० | क | अन्तराष्ट्रिय संस्था | १००००.०० |
| ञ | ड्राईभिङ्ग स्कुल | १५००.०० | ख | राष्ट्रिय संस्था एक जिल्ला भन्दा बढी कार्यक्षेत्र | ५०००.०० |
| ट | मन्टेश्वरी दर्ता | १००००.०० | ग | न.पा. कार्यक्षेत्र भएको | २०००.०० |
| ठ | मन्टेश्वरी धरौटी | २००००.०० | १.४५ | हेभि ईक्वीपमेण्ट | |
| ङ | कक्षा थप सिफारिस प्रति कक्षा | २०००.०० | क | हेभि ईक्वीपमेण्ट खरिद विक्री | १००००.०० |
| ढ | हेल्थ असिस्टेण्ट, स्टाफ नर्स वा सो सरह स्वास्थ्य शिक्षा | ४०००.०० | ख | हेभि ईक्वीपमेण्ट भाडामा प्रति गोटा | ३०००.०० |
| | | | ग | कवाडे संकलन तथा विक्री केन्द्र | ४०००.०० |
| २ | उत्पादन मुलक उद्योग | | | | |
| | | | २.११ | डिष्टिलरी उद्योग | |
| २.१ | प्लाष्टिक फाईवर उद्योग | | क | डिष्टिलरी उद्योग क श्रेणी | ३००००.०० |
| क | प्लाष्टिक फाईवर उद्योग क श्रेणी | ३०००.०० | ख | डिष्टिलरी उद्योग बोटलर्स मात्र | २००००.०० |
| ख | प्लाष्टिक फाईवर उद्योग ख श्रेणी | २०००.०० | २.१२ | पर्यटन उद्योग | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग | प्लाष्टिक फाईवर उद्योग ग श्रेणी | १०००.०० | क | होटल लज र रेष्टुरेण्ट सुविधा सम्पन्न (स्टार) | २५०००.०० |
| २.३ | चप्पल उद्योग | | ख | होटल, लज, रेष्टुरेण्ट, पार्टिप्यालेस एसी सहित | ७५००.०० |
| २.४ | ग्रिल उद्योग, यू.पि.भि.सी. | ३०००.०० | ग | होटल, पार्टिप्यालेस, रेष्टुरेण्ट | ५०००.०० |
| २.५ | फलामको ग्रिल उद्योग | २०००.०० | घ | पार्टिप्यालेस मात्र | ३०००.०० |
| २.६ | पशु आहार उद्योग | १५००.०० | ङ | क्याटरिङ्ग तथा रेष्टुरेण्ट मात्र | २०००.०० |
| २.७ | घरेलु कुटिकर उद्योग | १०००.०० | च | दोहोरी साझँ, गजल, डान्स वार | ५०००.०० |
| २.८ | सिरक ढसना विक्रि डिपो | १०००.०० | छ | भोजनालय | १५००.०० |
| २.९ | जुत्ता उद्योग | १०००.०० | ज | मिष्ठान्न भण्डार क्याटरीङ्ग | १०००.०० |
| २.१० | साबुन उद्योग | २०००.०० | ञ | फाष्टफुड एण्ड क्याफे | १०००.०० |
| | पेय पदार्थ उत्पादन उद्योग | | ट | चिया, कफी सप | ५००.०० |
| क | पानी उद्योग | २०००.०० | २.२० | सेवा उद्योग | |
| ख | पिउने पानि सप्लायर्स | १५००.०० | क | अफसेट प्रेस | ३०००.०० |
| ग | आईसक्रिम, बरफ उद्योग | १५००.०० | ख | स्क्रिन प्रिन्ट प्रेस | १५००.०० |
| घ | आईसक्रिम उद्योग | १५००.०० | ग | लेजर/फ्लेक्स प्रिन्ट | १५००.०० |
| २.१३ | भाँडा उद्योग | | घ | सिनेमा हल | ५०००.०० |
| क | काँस, तामा, पितलका भाडा उद्योग | २०००.०० | ङ | फिल्म डिष्ट्रिव्युटर्स | २५००.०० |
| ख | आल्मुनियम भाडाँ उद्योग | २०००.०० | च | कलर ल्याव सेवा | १५००.०० |
| ग | प्लाष्टिक भाडा उद्योग | १५००.०० | छ | भिडियो मिक्सिङ्ग | १५००.०० |
| घ | टिनको बाक्सा, बाल्टी उद्योग | १५००.०० | ज | फोटो स्टुडियो | १०००.०० |
| ङ | धारा, टुटी, पाईप | १५००.०० | झ | संस्थागत पेन्टर्स | १०००.०० |
| २.१४ | कुटानि, पिसानी, पेलानी उद्योग | | २.२१ | मर्मत संभार कारखाना | |
| क | फ्लोर मिल ठुलो | ३०००.०० | क | बडि व्युल्डिङ्ग | ५०००.०० |
| ख | सेलर मिल | २५००.०० | ख | बडि व्युल्डिङ्ग मर्मत | ३०००.०० |
| ग | चिउरा मिल जिल्ला बाहिर निकासी हुने | २५००.०० | ग | लेथ सेक्सन | २०००.०० |
| घ | चिउरा, चामल मिल स्थानीय सप्लाई | २०००.०० | घ | टायर डिलर शोरुम | २५००.०० |
| ङ | मसला उद्योग | १५००.०० | ङ | टायर रिसोलिङ्ग | २०००.०० |
| च | कुटानी, पिसानी, पेलानी उद्योग | १५००.०० | च | टायर ट्युव पंचर समेत | १०००.०० |
| २.१५ | डेरी उद्योग | | छ | ईन्जिन मर्मत वर्कशप | १५००.०० |
| | डेरी उद्योग | ३०००.०० | ज | डेन्टिङ्ग, पेन्टिङ्ग, वेल्डिङ्ग | १५००.०० |
| क | डेरी विक्रि डिपो | २०००.०० | झ | पम्प सेक्सन मर्मत | १५००.०० |
| ख | खुद्रा डेरी पसल | १०००.०० | ञ | व्याट्रि, ईलेक्ट्रिक सेक्सन मर्मत | १०००.०० |
| २.१६ | उपभोग्य वस्तु उत्पादन उद्योग साना | | ट | वासिङ्ग सर्भिसिङ्ग सेन्टर | १५००.०० |
| क | कुकिज, पाउरोटी, नुडल्स उद्योग | १५००.०० | ठ | रिक्सा, साईकल मर्मत तथा पार्टपुर्जा विक्री | १०००.०० |
| ख | कन्फेक्सनरी नुडल्स उद्योग | १०००.०० | ड | टिभि डेग मोबाईल मर्मत | १०००.०० |
| ग | विस्कुट उद्योग | १५००.०० | ढ | रेडियो घडि क्याल्कुलेटर | ५००.०० |
| घ | दालमोट उद्योग | १०००.०० | ण | मोटरसाईकल, स्कुटर मर्मत | १०००.०० |
| २.१७ | रि-साईक्लिङ्ग उद्योग | | त | कमानिपट्टा, रेडियटर, ग्रिस, हेड मर्मत समेत | १५००.०० |
| क | फलाम कृषि औजार उद्योग | २५००.०० | थ | जेनेरेटर, फ्रिज, कम्प्युटर मर्मत | १०००.०० |
| ख | कागज प्लाष्टिक रि-साईक्लिङ्ग उद्योग | २०००.०० | २.२२ | कुखुरा, ह्याचरी, दाना उद्योग | |
| २.१७ | रवर रि-साईक्लिङ्ग उद्योग | | क | ह्याचरी चल्ला उत्पादन | ५०००.०० |
| क | रवर रि-साईक्लिङ्ग उद्योग क श्रेणी | १००००.०० | ख | दाना उत्पादन | ३०००.०० |
| ख | रवर रि-साईक्लिङ्ग उद्योग ख श्रेणी | ७५००.०० | ग | खुद्रा विक्रि डिपो | २०००.०० |
| ग | रवर रि-साईक्लिङ्ग उद्योग ग श्रेणी | ५०००.०० | २.२३ | उर्जामुलक उद्योग | |
| २.१८ | कसर/खनिज उद्योग | | क | वायो ग्यास उद्योग | ५०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| क | गिटि चाल्ने सहित क श्रेणी डवल प्लान्ट भएको | १००००.०० | ख | सौर्य शक्ति उत्पादन | ५०००.०० |
| ख | गिटि चाल्ने सहित ख श्रेणी डवल प्लान्ट भएको | ८०००.०० | ग | मर्मत सम्भार पार्ट पुर्जा उद्योग | ५०००.०० |
| ग | गिटि चाल्ने सहित डवल प्लान्ट क्रसर उद्योग | ५०००.०० | २.२३ | कंक्रिट उद्योग | |
| घ | गिटि चाल्ने सिंगल प्लान्ट उद्योग | २०००.०० | क | कंक्रिट उद्योग | २०००.०० |
| ङ | गिटि बालुवा विक्री डिपो | ३०००.०० | ख | सेनेटरी उद्योग | १५००.०० |
| | | | ग | ईट्टा उद्योग | १००००.०० |
| २.१९ | कृषि तथा वनजन्य उद्योग | | घ | व्लक उद्योग | १५००.०० |
| क | स-मिल, प्लाईउड उद्योग | ४०००.०० | ङ | टायल उद्योग | १५००.०० |
| ख | काठको फर्निचर उद्योग | ३०००.०० | च | अन्य उद्योग | ५०००.०० |
| ग | फर्निचर शोरुम | २०००.०० | २.२४ | माथि उल्लेख नभएका उद्योगको हकमा | |
| घ | वेतबाँस तथा ब्याम्बो उद्योग | ३०००.०० | क | ठुला उद्योग | ५०००.०० |
| ङ | वेतबाँस तथा ब्याम्बो शोरुम | १५००.०० | ख | मझौला उद्योग | ४०००.०० |
| | | | ग | साना उद्योग | ३०००.०० |

आ.उद्योग व्यवसाय दर्ता प्रयोजनका लागि श्रेणी वर्गीकरण :

| स्थिर पुंजी | श्रेणी | कैफियत |
|---|---|---|
| रु ५ लाखसम्म | ग श्रेणी | |
| रु ५ लाख १ देखि १५ लाखसम्म | ख श्रेणी | |
| रु १५ लाख १ देखि माथि | क श्रेणी | |

इ.उद्योग तथा व्यवसाय सुचिकृत दर्ता/नविकरण/ ठाउँसारी/नामसारी शुल्क :

| श्रेणी | दर्ता/सुचिकृत | नविकरण | ठाउँसारी | नामसारी | कैफियत |
|---|---|---|---|---|---|
| ग | १०००।- | ५००।- | ५००।- | १०००।- | |
| ख | २०००।- | १०००।- | १०००।- | २०००।- | |
| क | ३०००।- | १५००।- | १५००।- | ३०००।- | |

# अनुसूची – ५
## दफा ८ संग सम्बन्धित
## सवारी साधन कर

**क)** सवारीको किसम र करको दर

| सि.नं. | **सवारीको विवरण** | **बार्षिक** (रु.) |
|---|---|---|
| १ | ई रिक्सा/टेम्पो | १०० |
| २ | रिक्सा/ठेला गाडा | २५ |
| ३ | अन्य सवारी साधनहरु | २०० |

***अन्य सवारी साधनको हकमा प्रदेश कानून अनुसार हुनेछ ।***

ख) ई रिक्सा तथा रिक्सा ठेला दर्ता नविकरण दर्ता नामसारी दस्तुर

| सि.नं | विवरण | २०७५/०७६मा (रु.) | सि.नं | विवरण | २०७५/०७६मा (रु.) |
|---|---|---|---|---|---|
| क. | विद्युतिय रिक्सा (ई रिक्सा) दर्ता | ५०० | ङ. | रिक्सा दर्ता | २०० |
| ख. | विद्युतिय रिक्सा नविकरण | १०० | च. | रिक्सा नविकरण | १०० |
| ग | नामसारी दस्तुर | २०० | छ | ठेला दर्ता | १०० |
| घ. | प्रति ब्लु बुक | १०० | ज | ठेला नविकरण | ५० |

# अनुसूची – ६
## दफा ९ संग सम्बन्धित
## विज्ञापन कर

| क्र.स. | विवरण | २०७५/०७६ ( प्रति वर्गफिट ) | |
|---|---|---|---|
| | | पटके ( रु. ) | बार्षिक ( रु. ) |
| १ | होडिङ्ग बोर्ड, नियोन साइन तथा अन्य ठुला विद्युतीय बोर्डहरु | – | १५/– |
| २ | अग्लो साइन बोर्ड,डी.पी.एस.बोर्ड आदि | – | १५/– |
| ३ | भित्ते लेखन | २/– | १५/– |
| ४ | तुल, व्यानर | २/– | – |

*नोटः*

→ कुनै पनि प्रकारका विज्ञापन गर्दा नगर कार्यपालिकाबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

→ सडकको ८२ फिट भित्र कुनै पनि प्रकारका विज्ञापनका हाडिगंबोर्ड राख्न पाइने छैन।

→ नेपाल सरकार र प्रदेश सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सूर्तिजन्य) जस्ता बस्तुहरुको विज्ञापन गर्न पाइने छैन ।

→ यातायात सवारीका साधनहरुको विक्री प्रयोजनकालागि हुने विज्ञापनमा २५ प्रतिशत थप गरी लिईने छ।

→ होटल तथा व्यापार व्यवसायको प्रवर्द्धन सम्बन्धी विज्ञापनहरुमा माथि उल्लेखित दररेटमा कर लिईने छ।

→ विभिन्न संघ संस्थाहरुबाट हुने सेवामूलक प्रचार प्रसारका सामग्रीहरुमा उल्लेखित दरमा ५० प्रतिशत छुट दिईने छ।

→ नेपाल सरकारका तर्फबाट हुने जनचेतना अभिबृद्धिमूलक सूचना प्रचार प्रसारका सामाग्रीहरुमा विज्ञापन कर लिईने छैन।

→ स्वीकृति नै नलिई राखिएका विज्ञापन सामग्री हटाउने,स्वीकृति दिन उपयुक्त ठानिएमा लाग्ने करको शत-प्रतिशत बराबर जरिवाना लिई स्वीकृती दिन सकिने छ।

→ निजी स्वामित्वको स्थानमा विज्ञापन सामग्री राख्दा नगरपालिका र सम्बन्धित सरोकारवालाको सहमति प्राप्त गर्नु पर्ने । त्यस्तो ठाउँमा गरिने विज्ञापन करमा १० प्रतिशतसम्म छुट दिईने छ ।

→ स्वीकृत समयावधि भित्रै अर्को थप समयावधिका लागि नविकरण गर्न आउनेलाई लाग्ने दस्तुरमा १० प्रतिशत छुट दिईने छ ।

→ पटके समयावधि भन्नाले बढीमा १ महिनासम्मका लागि स्वीकृत प्राप्त समयावधिलाई मानिने छ ।

→ विज्ञापन गर्नेले स्वीकृत समयावधी समाप्त हुँदा गरिएको विज्ञापन स्वयंले हटाउनु/मेटाउनु पर्ने । उक्त विज्ञापन स्वयंले नहटाएमा वा नमेटाएमा मेटाउदा/हटाउदा लाग्ने खर्चको दोब्बर दस्तुर सम्वन्धित पक्षबाटै असुल उपर गरिने छ ।

## अनुसूची - ७
## दफा १० संग सम्बन्धित
## मनोरञ्जन कर

**क. मेला, महोत्सव, सर्कस, खेल तमासा, जादु,चटके तर्फ :**

**देवदह नगरपालिका क्षेत्र भित्र संचालनमा रहने मेला, महोत्सव, सर्कस, खेल, तमासा, जादु , चटके ईत्यादीहरुमा टिकट मुल्यको ५ प्रतिशत सम्मका दरले मनोरञ्जन कर लिइने छ ।**

## अनुसूची – ८
## दफा ११ संग सम्बन्धित
## वहाल विटौरी शुल्क

क. देवदह नगरपालिका (१-१०)

| सि.नं | पसलको विवरण | बुधवारे विशालनगर, शुक्रबारे देवदह १० | शुक्रवारे प्रगती वजार | सोमवार वजार सितलनगर | मंगलवारे भलुही | मंगलवारे विर्ता | आईतवारे पेटवानिया |
|---|---|---|---|---|---|---|---|
| | | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. |
| १ | कुखुरा खसी ,माछा, मासु पसल | ५० | ६५ | ६० | ५५ | ५० | ३० |
| २ | सिद्रा पसल | ३० | ३५ | ३० | २५ | २५ | २५ |
| ३ | माछा, मासू सहितको नास्ता पसल | ३० | ४५ | ४० | ३० | ३० | २० |
| ४ | चियानास्ता पसल | २५ | ३५ | ३५ | ३० | २५ | १५ |
| ५ | स्टील, प्लाष्टिकका भाँडा पसल | ४० | ४५ | ४५ | ३५ | २५ | १५ |
| ६ | कपडा, रेडिमेट फेन्सी,किराना, बिसाता, श्रृगार पसल | ४५ | ५० | ५० | ४० | ४०-४५ | २० |
| ८ | फलफुल पसल | ३५ | ६५ | ४५ | ४० | ३० | १५ |
| ९ | छाता, लाइटर, स्टोभ, कूकर आदी मर्मत पसल | ३० | ३५ | ३५ | ३५ | २५ | १५ |
| १० | ठूलो भागामा आउने गोभी लगायतका तरकारी | ३५ | ५० | ५० | ३५ | ३० | १५ |
| ११ | किसान स्वयंमले ल्याउर्ने हरियो सागसब्जी | २५ | ३० | ३० | ३० | २५ | १५ |
| १२ | माटाका भांडा विक्री पसल | २५ | ३५ | ३० | ३० | २५ | १० |
| १३ | चाट, फुल्की/सोडा, सर्वत पसल | ३० | ४५ | ४५ | ३५ | ३५ | १५ |
| १४ | अण्डा पसल | २० | २५ | २५ | २० | २० | १५ |

| सि.नं | पसलको विवरण | बुधवारे विशालनगर, शुक्रबारे देवदह १० | शुक्रवारे प्रगती वजार | सोमवार वजार सितलनगर | मंगलवारे भलुही | मंगलवारे विर्ता | आईतवारे पेटवानिया |
|---|---|---|---|---|---|---|---|
| | | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. | दर रु. |
| १५ | हाँस, कुखुरा, परेवा प्रति टोकरी | २५ | ४५ | ४५ | ३० | ३० | १५ |
| १६ | खसि, बोका प्रति गोटा | ३५ | ४५ | ४५ | ३५ | ३० | २० |
| १७ | घुम्टी सैलुन | २५ | ३० | ३० | ३० | २० | १५ |
| १८ | जुत्ता मर्मत पसल | २५ | ३० | ३० | ३० | २५ | १५ |
| १९ | औषधी, जडीबुटी पसल | ३५ | ५५ | ४५ | ३० | ३५ | १५ |
| २० | चिठ्ठा, उपहार, खेल, चटक, तमासा | ४० | ५५ | ३५ | २५ | ३५ | १५ |
| २१ | उखु पेली रस विक्री गर्ने पसल | ३० | ४५ | ४५ | ३० | ३५ | १५ |
| २२ | खाद्यन्न तथा किराना ठुलो | ३५ | ५० | ४५ | ३० | ३५ | २० |
| २२ | जुट्टा चप्पल पसल | २५ | ४५ | ४५ | ३५ | २५ | १५ |
| २३ | चाउमिन पसल | ४० | ५५ | ५५ | २५-४५ | ४५ | १०-३० |
| २४ | रागाको मासु पसल | ५५ | ११५ | ८५ | ५५ | ४५ | ३० |
| २५ | थान कपडा | ३५ | ६५ | ५५ | ३० | ४५ | ३० |
| २६ | सुर्ती पसल | २० | २० | २० | २० | २० | २० |
| २७ | अन्य पसलहरू | २०-४५ | ३०-५५ | २५-४५ | २०-५५ | २०-४५ | १५-३० |

**ख) सदोनिया हाटबजार (देवदह ११) को सेवा शुल्क :**

| क्र.स. | पसलको विवरण | दर ( रु. ) | क्र.स. | पसलको विवरण | दर ( रु. ) |
|---|---|---|---|---|---|
| १ | कपडा पसल (क) श्रेणी | ५५ | ३३ | किताव पसल | ३० |
| २ | कपडा (ख) श्रेणी | ३५ | ३४ | भुटुवा मासु पसल | २५ |
| ३ | किराना पसल | ३५ | ३५ | सुन्तला प्रति डोका | २० |
| ४ | चमल खुदी | २० | ३६ | चामल दाल मसुरो | २० |
| ५ | माछा पसल | ५० | ३७ | आप २५ के.जि.सम्म | २० |
| ६ | कछुवा | ५० | ३८ | आप २५ के.जि. माथि | २५ |
| ७ | तमाखु सुर्ति भुक्कड | २० | ३९ | वर्षाति बिक्री | २५ |
| ८ | सिद्रा माछा | २५ | ४० | छाता लाईट मर्मत | २० |
| ९ | हरियो तरकारी प्रति पेटी | १० | ४१ | चटर मटर चिया | २० |
| १० | हरियो तरकारी प्रति बोरा | २० | ४२ | मोमफलि बदाम | २० |
| ११ | तेल विक्री पसल | २५ | ४३ | हाँस कुखुरा प्रति गोटा | १० |
| १२ | मिठाइ पसल | ३० | ४४ | तहजिया कागज | १५ |
| १३ | तरकारी पसल | २५ | ४५ | भुजा चना | १५ |
| १४ | खसीको मासु पसल | १०५ | ४६ | प्याज आलु | ३० |
| १५ | सुंगुर बुंगुरको मासु पसल | १०५ | ४७ | मकै | १५ |
| १६ | रांगाको मासु पसल | १०५ | ४८ | आलुको विउ प्रतिवोरा | १५ |
| १७ | कुखुराको मासु पसल | ४५ | ४९ | पाउरोटि आदि | २० |
| १८ | विसाताको मासु पसल | २० | ५० | जडिवुटि पसल | १५ |
| १९ | धातुको भाडा वर्तन पसल | ३० | ५१ | धार सान लगाउने पसल | १५ |
| २० | नाउ हजाम | १५ | ५२ | डडेर भाडा टाल्ने | १५ |
| २१ | हर्दि केरा प्रति टोकरी | १५ | ५३ | खेल प्रदर्शनी | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | खाद्य पदार्थ खुम्चा पसल | २५ | ५४ | सोडा सर्वत | २५ |
| २३ | मम, चाउमिन आदि | २५ | ५५ | भेली | २० |
| २४ | चुरा पसल | २० | ५६ | हरियो खुर्सानी | २० |
| २५ | सेकु प्रति दर्जन | २० | ५७ | जुत्ता सिलाउने | १५ |
| २६ | डालो सुपो भकारी | २० | ५८ | कुचो प्रति भारी | १५ |
| २७ | माटोको भाडा पसल | २० | ५९ | कटहर | २० |
| २८ | सुन चादी पसल | ३० | ६० | विरुवा विक्रि | २५ |
| २९ | पान चुरोट बिक्रि पसल | २० | ६१ | तामाको तरकारी | २५ |
| ३० | लुगा सिउने दर्जि | २० | ६२ | पितलका गहना पसल | २० |
| ३१ | जुत्ता चप्पल पसल | २५ | ६३ | घडि रेडियो र अन्य सामान विक्रि | २५ |
| ३२ | विउ विजन पसल | २५ | ६४ | घडि मर्मत | २० |
| | | | ६५ | उल्लेख नभएका अन्य वस्तु | १५–३५ |

# अनुसूची – ९
## दफा १४ संग सम्बन्धित
## सेवा शुल्क र दस्तुर

१. मूल्याङ्कन सेवा दस्तुरः

क. आयश्रोत मूल्याङ्कन सिफारिस दस्तुर प्रति लाख रु १२०/– (०.१२ प्रतिशत ) का दरले लिईनेछ :

ख. सम्पति मूल्याङ्कन सिफारिस शुल्क :

क.मूल्याङ्कन प्रमाणित (सिफारिस सेवा शूल्क प्रति हजार रु. १ का दरले लिइनेछ । तर वैदेशिक अध्ययन प्रयोजनका लागि लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिईनेछ ।

ख. घर जग्गाको मूल्याकंन एकीकृत सम्पति करको दर बमोजिम हुनेछ ।

२. क) उद्यान प्रवेश सेवा शुल्क :

| सि.नं. | विवरण | २०७५/०७६ (रु.) | सि.नं. | विवरण | २०७५/०७६ (रु.) |
|---|---|---|---|---|---|
| १ | प्रति व्यक्ति | १० | ३ | प्रति भिडियो क्यामरा | २५ |
| २ | प्रति क्यामरा | १० | ४ | चलचित्र सुटिङ्ग प्रति दिन | ५०० |

ख) पिकनिक स्पोट :

| सि.नं. | विवरण | २०७५/०७६ (रु.) | सि.नं. | विवरण | २०७५/०७६ (रु.) |
|---|---|---|---|---|---|
| १ | मायादेवी पार्क प्रवेश शुल्क प्रति टोली | ५०० | ४ | केउली प्रवेश शुल्क प्रति टोली | ५०० |
| २ | चिसापानी चरङ्गेप्रवेश शुल्क प्रति टोली | ५०० | ५ | पेटबनीया प्रवेश शुल्क प्रति टोली | ५०० |
| ३ | दाउन्ने प्रवेश शुल्क प्रति टोली | ५०० | | | |

*नोटः उद्यान प्रवेश सेवा शुल्क र पिकनिक स्पोट शुल्क तोकिएको दरमा उठाउन स्थानीय समितिलाई जिम्मा दिने र उठेको रकमको २५ प्रतिशत नगरपालिकामा दाखिला गर्नु पर्ने ।*

**३. सार्वजनिक शौचालय उपयोग सेवा शुल्क (प्रति पटक) :**

| सि.नं. | विवरण | २०७५/०७६ (रु.) |
|---|---|---|
| १ | पिसाब गर्दा | ५ |
| २ | दिशा, प्रति व्यक्ति | १० |
| ३ | नुहाउंदा प्रति व्यक्ति | २५ |

## ४. बाटो मर्मत तथा पर्यावरण संरक्षण तथा सवारी दस्तुर

क.) क्रेसरको गिटी निकासीमा प्रतिट्रिप ६ चक्के रु ३००।-
ख.) क्रेसरको गिटी निकासीमा प्रतिट्रिप १० चक्के रु ४००।-
ग.) लोकल निकासी प्रति ट्रिप (ट्रक/ट्रिपर) रु २००।-
घ.) लोकल निकासी प्रति ट्रेक्टर रु १००।-
ङ.) माटो ढुवानी ट्रक/ट्रिपर रु १५०।-
च.) माटो ढुवानी ट्रयाक्टर रु ५०।-
छ) अन्य प्रति ट्रिप रु १००।-
ज.) ईंटा तथा अन्य लोडमा प्रति ट्रक प्रति ट्रिप रु ५०।-
झ.) ईंटा तथा अन्य लोडमा प्रति ट्रेक्टर प्रति ट्रिप २५।-

५.नदीजन्य पदार्थ बाह्य निकासी शुल्क :

क.) प्रतिट्रिप ६ चक्के रु ३००।-
ख.) प्रतिट्रिप १० चक्के रु ४००।-
ग.) प्रति ट्रिप (ट्रक/ट्रिपर) रु २००।-
घ.) प्रति ट्रेक्टर रु १००।-

**नोटःउल्लेखित शूल्कका अतिरिक्त सवारीकर तोकिए वमोजिम लाग्नेछ। साथै लाग्ने कर शूल्क नतिरेमा दोव्वर रकम लिइनेछ।**

**६. नक्सा पास दस्तुर प्रति वर्ग फिट**

**क) नयाँ घरको हकमा :**

| वडा नं. | धकधई खैरेनी सडक | सितलनगर मणिग्राम सडक | ढेकावर रामनगर सडक | भवानीपुर विचैयापुर सडक | अन्य सबै बाटो |
|---|---|---|---|---|---|
| १ | रु.४.५/- | - | - | - | रु.४/- |
| २ | रु.४.५/- | - | रु.४.५/- | - | रु.४/- |
| ३ | रु.४.५/- | रु.४.५/- | - | - | रु.४/- |
| ४ | रु.४.५/- | रु.४.५/- | - | रु.४/- | रु.४/- |
| | लोक मार्ग | हाईवे दाया बाया ५०० मिटरसम्म | हाईवे दाया बाया ५०० मिटर माथि अन्य बाटो | अन्य सबै बाटो | - |
| ५ | रु.६/- | रु.५/- | रु.४.५/- | रु.४/- | - |
| ६ | रु.६/- | रु.५/- | रु.४.५/- | रु.४/- | - |
| ७ | रु.६/- | रु.५/- | रु.४.५/- | रु.४/- | - |
| ८ | रु.६/- | रु.५/- | रु.४.५/- | रु.४/- | - |
| ९ | रु.६/- | रु.५/- | रु.४.५/- | रु.४/- | - |
| १० | रु.६/- | रु.५/- | रु.४.५/- | रु.४/- | - |
| ११ | - | - | - | - | रु.४/- |
| १२ | - | - | - | - | रु.४/- |

**ख). नक्सा पास दस्तुर प्रति वर्ग फिट (पुराना घरको हकमा मात्र लागु हने ) :**

| वडा नं. | धकधई खैरेनी सडक | सितलनगर मणिग्राम सडक | ढेकावर रामनगर सडक | भवानीपुर विचैयापुर सडक | अन्य सबै बाटो |
|---|---|---|---|---|---|
| १ | रु.३.५/- | - | - | - | रु.३/- |
| २ | रु.३.५/- | - | रु.३.५/- | - | रु.३/- |
| ३ | रु.३.५/- | रु.३.५/- | - | - | रु.३/- |
| ४ | रु.३.५/- | रु.३.५/- | - | रु.३/- | रु.३/- |
| | लोक मार्ग | हाईवे दाया बाया ५०० मिटरसम्म | हाईवे दाया बाया ५०० मिटर माथि अन्य बाटो | अन्य सबै बाटो | - |
| ५ | रु.५/- | रु.४/- | रु.३.५/- | रु.३/- | - |
| ६ | रु.५/- | रु.४/- | रु.३.५/- | रु.३/- | - |
| ७ | रु.५/- | रु.४/- | रु.३.५/- | रु.३/- | - |
| ८ | रु.५/- | रु.४/- | रु.३.५/- | रु.३/- | - |
| ९ | रु.५/- | रु.४/- | रु.३.५/- | रु.३/- | - |
| १० | रु.५/- | रु.४/- | रु.३.५/- | रु.३/- | - |
| ११ | - | - | - | - | रु.३/- |
| १२ | - | - | - | - | रु.३/- |

***नोटः***

***१. नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तूरको २५ प्रतिशत दस्तूर लिई पूनः २ बर्षको लागि म्याद थप गरिनेछ।***

***२. घर नक्शापास दस्तुर न्युनतम रु ३,०००/- र नियमित तर्फ रु २,५००/- लिइनेछ।***

**७. चारकिल्ला सिफारिस दस्तुर :**

**क)चारकिल्ला सिफारिसमा न्युनतम रु ५००/- लिइनेछ र अन्यको हकमा मालपोत कार्यालयले तोकेको मुल्यांकनको ०.२५ प्रतिशतले लिईनेछ।**

**ख)बैकिङ्ग प्रयोजनको लागि भने मालपोत कार्यालयले तोकेको मूल्याङ्कनको आधारमा निम्नानुसार लिईनेछ।**

| क्र.सं. | विवरण | तोकिएको दर (रु.) |
|---|---|---|
| १ | **एक लाख देखी २० लाख सम्म** | ५००/- |
| २ | **२० लाख देखि माथी** | १,०००/- |

**ग) अंशवण्डा प्रयोजनका लागि रु ५०० ।-**

**घ) बकसपत्र प्रयोजनका लागि रु १००० ।(महिलालाई बकसपत्र दिने प्रयोजनमा ५० प्रतिशत छुट दिईने छ।**

**नोट : १. चौकील्ला सिफारिसमा नक्शा (ब्लू प्रिन्ट/फाइल नक्सा) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।**

**२. बैकबाट पत्र प्राप्त भएको खण्डमा कृषि प्रयोजनकोलागि मुल्यको ५० प्रतिशत छुट दिईने छ।**

८. सिफारिस दस्तुर :

| क्र.सं. | विवरण | दस्तुर (रु.) | क्र. सं. | विवरण | दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | निवेदन दस्तुर | १० | १७ | थ्रिफेज लाईन जडान २० हर्सपावर | १००० |
| २ | नागरिकता र नागरिकताको प्रतिलिपी सिफारिस | १०० | १८ | थ्रिफेज लाईन जडान २० हर्स पावर भन्दा माथि | २००० |
| ३ | स्वदेशका लागि गरिने सामान्य सिफारिस | २०० | १९ | थ्रिफेज लाईन जडान १० हर्स पावरसम्म | ५०० |
| ४ | बैबाहिक सम्वन्धवाट अंगीकृत नागरिकता सिफरिस | २०० | २० | ट्रान्सफर्मर जडान वा ठाउँसारी सिफारिस | २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | जग्गावालाको मृत्यु नामसारी प्रयोजनका लागि मालपोत वा अन्य कार्यालयलाई गरिने सिफारिस | ५०० | २१ | घरयासी प्रयोजनार्थ विद्युत सिफारिस | २०० |
| ६ | वैदेशिक सिफारिस वा पेन्सन सिफारिस | ५०० | २२ | सविक फिल्डबुक प्राप्त जग्गाको हकभोग दर्ता सिफारिस ५ कठ्ठासम्म न्यूनतम | २५०० |
| | | | | ५ कट्ठा भन्दा माथि प्रतिकठ्ठा थप | ५०० |
| ७ | वैदेशिक सिफारिस अंग्रेजिमा | २०० | २३ | रोक्का फुकुवा सिफारिस | १०० |
| ८ | ठेक्का अनुभव प्रमाणित | १००० | २४ | संघ संस्था दर्ता अनुमती | १००० |
| ९ | पानि  जडान सिफारिस | १०० | २५ | कक्षा थप सिफारिस प्रति कक्षा | २००० |
| १० | घर,गोठ सिफारिस | एकीकृत सम्पतिकर को मुल्याङ्कन अनुसार ०.१ प्रतिशत | २६. | संघ, संस्था नविकरण सिफारिस | ५०० |
| ११ | बसोवास, जन्म, नाम छुट, उमेर प्रमाणित | ३०० | २७ | उद्योग सिफारिस | १००० |
| १२ | नाता तथा व्यक्ति प्रमाणित | ३०० | २८ | सामुदायिक आधारभुत विद्यालय अनुमति सिफारिस दस्तुर | २००० |
| १३ | राहदानी सिफारिस | ३०० | २९ | सामुदायिक माध्यमिक विद्यालय अनुमति दिदा | ५००० |
| १४ | विभिन्न कागजात प्रमाणिकरण गर्दा | ५०० | ३० | संस्थागत आधारभुत विद्यालय अनुमति दिदा | १०००० |
| १५ | तोकिएको वाहेक अन्य जग्गा सम्वन्धी सिफारिस | ३०० | ३१ | संस्थागत माध्यमिक विद्यालय अनुमति दिदा | १२००० |
| १६ | न्यायिक समितिमा पर्न आउने,फिराद,प्रतिउत्तर लगायतका निवेदन दर्ता शुल्क | १०० | ३२ | मेडिकल कलेज, प्राविधिक शिक्षालय दर्ता नविकरण सिफारिस | ५००० |
| | | | ३३ | बक्स्यौनी मिलापत्र दस्तुर दुवै पक्षसंग | ५०० |

**९ अन्य दस्तुरः  दरभाउ पत्र वा बोलपत्र प्रति फारम दस्तुरःप्रचलित ऐन नियममा उल्लेख भए अनुसार हुने ।**

**नोट– सबै किसिमको सिफारिसमा पर्यटन विकास शुल्क रु ५० थप लिईनेछ ।**

**१०. दरखास्त फाराम, निवेदन दर्ता शुल्क (परिक्षा शुल्क समेत) :**

| क्र.सं | विवरण | २०७४/०७५ (रु.) |
|---|---|---|
| १ | घर नक्सा पास निवेदन फाराम | ५०० |
| नोटः निवेदन दर्ता शुल्क र परिक्षा दस्तुर नियमानुसार लिइनेछ । | | |

**११. स्थानीय विकाश शुल्क :**

| सि.नं. | घरको विवरण | २०७५/०७६ (रु.) | सि.नं. | विवरण | २०७५/०७६ (रु.) | क) बक्यौताको हकमा हालको दर रेटमा उठाईने छ । ख) हर्जनाको हकमा प्रत्येक वर्ष १० |
|---|---|---|---|---|---|---|
| १ | खरको छाना भएको कच्ची घर | ५० | ३ | पक्की घर | ४०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | टिनको छाना भएको घर | १५० | ४ | पक्की घरको प्रत्येक तला अनुसार थप रु. २०० लाग्ने छ | प्रतिशतका दरले थप हुदै जाने छ। |

**१२.जग्गा प्लटिङ्ग :**

| क्र.स. | जग्गाको विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | हाईवे मोहोडा हुनेगरि प्रतिकठ्ठा | १०,००० | जग्गा प्लटिङ्ग गर्न मापदण्ड बमोजिम नगरपालिकाको सिफारिस लिनुपर्नेछ। |
| २ | हाईवे देखी ५०० मि. सम्म पक्कि बाटो मोहोडा प्रतिकठ्ठा | ७,५०० | |
| ३ | ५०० मि. भन्दा भित्रि पक्कि बाटो मोहोडा प्रतिकठ्ठा | ५००० | |
| ४ | भित्रि कच्चि बाटो मोहोडा प्रतिकठ्ठा | ३,५०० | |

**१३. सरसफाई सेवा शुल्कको (मासिक) दररेट :**

| क्र.सं. | फोहोर उत्पादन क्षेत्रको विवरण | २०७५/०७६ (रु.) | क्र.सं. | फोहोर उत्पादन क्षेत्रको विवरण | २०७५/०७६ (रु.) |
|---|---|---|---|---|---|
| १ | घरधुरी (प्रति भान्सारपरिवार) | ५० | ९ | अस्पताल तथा मेडिकल कलेज | ५०० |
| २ | खुद्रा पसल | ५० | १० | पोलीक्लीनीक र नर्सिङ होम | ३०० |
| ३ | थोक पसल | ७५ | ११ | भटनरी पसल | ५० |
| ४ | ठूला होटल | २०० | १२ | सेवामूलक व्यवसाय पसल र सहकारी | १०० |
| ५ | साना होटल | १०० | १४ | विद्यालय, क्याम्पस र उच्च मा.वि. | २०० |
| ६ | खाजा घर (रेष्टुरेन्ट) | १५० | १५ | वैक तथा वित्तिय संस्था | २०० |
| ७ | तरकारी तथा फलफुल पसल | १०० | १६ | गैर सरकारी संघ संस्था | १०० |
| ८ | मासु पसल | २०० | | | |

१४) ऐलानी वा पर्ति जग्गामा बसोवास गर्नेहरुको सरसफाई शुल्क (दर्ता/हकभोग, स्थानान्तरण, पारीवारिक नामसारी) कायमको लागि तपशिल बमोजिम क्षेत्रगत मूल्यांकन कायम गरिएको छ र स्वास्थ्य तथा सरसफाई शुल्क मूल्यांकनको ०.५ प्रतिशतले लिईनेछ तर खरिद विक्रिको हकमा १% स्वास्थ्य तथा सरसफाई शुल्क लिईनेछ।

क) वडा नं १ देखि ४ सम्म मूल पिच सडक मोहडा (प्रति कठ्ठा)

- बिर्ता देखि राजाबारी चोक – रु. ६,००,०००/-
- राजाबारी चोक सुनवल न.पा. सिमाना – रु. ९,६०,०००/-
- ६ नं चोक पश्चिम श्री टोलसम्म – रु. १२,००,०००/-

- ढेकावर रामनगर सडकसम्म (देबदह न.पा. गुमी चोक सिमाना) – रु. ८,४०,०००/-
- श्री टोल देखि सूर्यपुरासम्म – रु. ८,४०,०००/-
- सुर्यपुरा देखि सिंगाहासम्म – रु. ९,६०,०००/-
- सिंगाहा भण्डारीको घरदेखि भवानीपुर – रु. ८,४०,०००/-
- भवानीपुर देखि पिपरैया – रु. ७,२०,०००/-
- भवानीपुर पुल पारी देखि बजार क्षेत्र ३०० मिटर – रु. १२,००,०००/-
- सेमराना कोटही प्रा.बि. – रु. ६,००,०००/-
- अन्य भित्री पिच सडक – रु. ६,००,०००/-
- मुल सडक मोहडा कच्ची सडक – रु. ४,८०,०००/-
- भित्री सडक मोहडा कच्ची सडक – रु. ३,६०,०००/-
- खेतीयोग्य जमिन – रु. १,२०,०००/-

<u>ख) वडा नं. ५, ६ र ७</u>

- लोकमार्ग सडक मोहडा – रु. ३६,००,०००/-
- लोकमार्ग दायाँबायाँ ३०० मिटर – रु. २४,००,०००/-
- प्रगतिबजार कलुवा पक्की सडक – रु. १८,००,०००/-
- खैरेनी बजार देखि गुरुङ्ग टोला – रु. १८,००,०००/-
- सिद्धार्थ कोलोनी – रु. १२,००,०००/-
- भित्री पक्की – रु. ८,४०,०००/-
- भित्री कच्ची – रु. ६,००,०००/-
- खेतीयोग्य जग्गा – रु. १,८०,०००/ -
- केवली, सटाकखोला, सरहनटाडी

  खेतीयोग्य जग्गा – रु. ९०,०००/-

  भित्री कच्ची सडक मोहडा – रु. २,००,०००/-

  भित्री पक्की सडक मोहडा – रु. ३,००,०००/-

  मुल सडक मोहडा पक्की – रु. ५,००,०००/-

<u>ग) वडा नं ८, ९ र १०</u>

- लोकमार्ग सडक मोहडा – रु. २४,००,०००/-
- लोकमार्ग सडक ३०० मिटरभित्र – रु. १८,००,०००/-
- अन्य भित्री पक्की सडक – रु. ७,८०,०००/-
- अन्य भित्री कच्ची सडक – रु. ५,४०,०००/-
- खेतियोग्य जमिन – रु. १,५०,०००/-

<u>घ) वडा नं १० चरङ्गे</u>

- चरङ्गे मूल सडक रिंग रोड – रु. १८,००,०००/-
- भित्री पक्की सडक मोहडासडक – रु. ८,४०,०००/-

- भित्री कच्ची सडक मोहडा – रु. ६,००,०००/-
- खेतीयोग्य जमिन (चरङ्गे) – रु. १,५०,०००/-
- मुढाबास सडक र श्रीलंका टोल – रु. ६०,०००/-
- मुढाबास खेतीयोग्य जमिन – रु. ४८,०००/-
- दलदले सम्पूर्ण जमिन क्षेत्र – रु. २४,०००/-

ङ) वडा नं. ११ र १२

- सिक्टहन पक्की वाटो मोहडामा पर्ने – रु. ३,००,०००/-
- कच्ची तथा ग्रावेल वाटो मोहडामा पर्ने – रु. १,५०,०००/-
- शंकरपुर वजार क्षेत्र वाटो मोहडामा पर्ने – रु. ६,००,०००/-
- खेतियोग्य जमिन – रु. ९०,०००/-

*नोट : न्युनतम स्वास्थ्य तथा सरसफाई शुल्क रु. १०००/- लिईनेछ ।*

## अनुसूची - १०
## दफा १६ संग सम्बन्धित
## विविध

१) व्यवसाय कर तथा स्थानीय विकाश शुल्क चालु आ.व.को असोज मसान्तभित्र साथै एकीकृत सम्पत्ति कर पौष मसान्तभित्र दाखिला गरेमा १० प्रतिशत छुट दिने निर्णय गरियो ।

२) करदाताको सुविधालाई ध्यानमा राखि कर अशुलीको लागी प्रत्येक आ.व.मा एक पटक घुम्ती सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

३) कृषि सहकारीको हकमा व्यवसाय कर छुट दिने निर्णय गरियो ।

४) नगरपालिका अन्तर्गत दर्ता भएका व्यवसायीहरुलाई स्थायी लेखा नम्बर लिन प्रेरित गर्ने निर्णय गरियो ।

५) नगरपालिकाको ब्याक हो लोडर उपभोक्ता, संघ संस्थालाई प्रयोग गर्न दिदाँ प्रतिघण्टा रु. १,०००/- र व्यक्तिगत तथा उद्योग व्यबसायीलाई प्रतिघण्टा रु. १,२००/- र इन्धन खर्च सम्बन्धित पक्षले वेर्होने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

६) देवदह नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुसंग पर्यटन तथा वाताबरणीय संरक्षणका लागि बिक्री मूल्यको १०% रकम लिने र सोही क्षेत्रको कार्यक्रममा साझेदारीको रुपमा लगानी गर्ने निर्णय गरियो ।

७) सर्जमिन मुचुल्का गर्न पर्नेको हकमा रु ५००/- को राजश्व सम्बन्धित सेवा ग्राहीले तिनु पर्ने र त्यसरी प्राप्त रकम मध्ये रु ४००/- सो कामको लागी खटिने कर्मचारीलाई उपलव्ध गराउने निर्णय गरियो ।

८) छाडा चौपाय जनावर पक्रने र व्यवस्थापनमा सहयोग गर्ने व्यक्तिलाई प्रति चौपाय रु. ३००/- उपलव्ध गराईनेछ साथै सार्वजनिक स्थलमा मरेका वेवारिसे जनावरलाई व्यवस्थापन गर्नेलाई रु ५००।०० उपलव्ध गराईनेछ ।

९.) दाहसंस्कार भत्ताः वेवारिसे लास दाहसंस्कार गर्दा प्रति लास रु. २,०००।– ले उपलब्ध गराईनेछ ।

१०)आ.व.२०७४।०७५ भित्र वुझाउनु पर्ने राजश्व र कर बक्यौता रहेको भए बुझाउनु पर्ने रकमको १० प्रतिशतका दरले जरिवना प्रत्येक वर्ष थप गरी लिइने छ ।